हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

३ नं प्रदेश नेपाल

गोपाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः- ०७४/७५

च.नं-

## आवधिक विकास योजनाको

## सिलवन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७५।०१।१७**

हरिहरपुरगढी गाउँकार्यपालिकाको मिति २०७५।०१।१५ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाको सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामुलक तरिकाबाट गाउँपालिका स्तरीय आवधिक विकास योजना ( Rural Municipality Development Plan) तर्जुमा गर्नु पर्ने भएको हुँदा इच्छुक पेशागत दक्षता तथा सम्बन्धित विषय क्षेत्रमा अनुभव भएका व्यवसायिक फर्म परामर्शदाताबाट ७ (सात) दिन भित्र निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. सिलवन्दी दरभाउ फाराम पेश गर्दा दरभाउपत्रदाताको योग्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजपत्रहरुको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव छुटाछुटै खाममा कार्यालयको नाम र सम्पर्क ठेगाना लेखि पेश गर्नु पर्नेछ ।

३. सम्बन्धित प्रस्तावदाताले यस कार्यालयलाई निवेदन दिई दस्तुर रु १००० पछि फिर्ता नहुने गरि बुझाई कार्यसूची गाउँ कार्यपालिकाको कार्यालय, झनझनेबाट प्राप्त गर्न सकिनेछ ।

४. यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन मिति २०७५।०१।२३ सम्मपा कार्यालय समयभित्र कार्यसूची खरिद गरि ८ औं दिन मिति २०७५।०१।२४ गते दिनको ११:०० बजेभित्र पेश गर्नु पर्नेछ । उक्त प्रस्ताव ८ औं दिनको १२:०० बजे खोलिनेछ । प्रस्तावदाताहरु अनुपस्थित भएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. कुनै शर्त राखि पेश गरिएको शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव स्विकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको प्रस्तावनापत्र उपर कुनै कारवाही गरिने छैन ।

८. थप जानकारीको लागि फोन न. ९८५४०४१८८२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

९. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

| ठेक्का नं. | कामको विवरण | मू.अ. कर समेत त. ई. रकम | कैफियत |
|---|---|---|---|
| RMDP\02- 2074\75 | आवधिक विकास योजना | १०,००,०००। | |